# उपभोक्ताहरुका आवश्यकता र प्रजाति विविधताको सम्बन्ध

■ हरिराज न्यौपाने

**१. परिचय**

नेपालका अधिकांश सामुदायिक वन उपभोक्ता समूहहरुको वन कार्ययोजना र विधान समूहभित्रका सीमित व्यक्तिहरु र वन कर्मचारीको सहमतिमा बनाएकाले त्यसमा सीमित वा धनी वर्गका उपभोक्ताका चाहनाहरु मात्र समेटिएको पाइन्छ । अन्ततोगत्वा: सामुदायिक वन व्यवस्थापन कार्य बढी काठ उत्पादन गर्नतर्फ उन्मुख भएको देखिन्छ भने दाउरा, घाँस, स्याउला, पतकर, झिक्रा, जडिवुटी उत्पादनतर्फ त्यति ध्यान दिएको देखिँदैन । जसले गर्दा निम्न वर्गका उपभोक्ता विशेष गरेर गरीब, महिला, र दलितका आवश्यकताहरु पूरा हुन सकेका छैनन् ।[१९]

> कसैलाई वन जानै पर्दैन, कसैलाई वन नगई निर्वाह चल्दैन, कसैको निजी जग्गामा रुख बिरुवा प्रशस्त छन् त कसैकोमा थोरै छन् भने कसैकोमा छँदै छैनन् । यसरी समाजिक विविधताले जन्माएका विभिन्न खाले आवश्यकताहरुलाई समाधान गर्ने हो भने सामुदायिक वन व्यवस्थापनमा विविध खाले प्रजातिहरुलाई सँगसँगै विकास गर्नु पर्ने हुन्छ । एक जना उपभोक्ताको प्राथमिकता काठ हुन सक्छ भने अरुको प्राथमिकता दाउरा, घाँस, सोत्तर, कन्दमूल, जडिबुटी वा अन्य वन पैदावार हुन सक्छन् । ती पैदावारहरु एउटै वा सीमित प्रजातिहरुको सम्मिश्रणले हुन सक्दैनन् ।

सा.व. व्यवस्थापनको निर्णय गर्ने प्रकृयामा सीमित टाठाबाठा व्यक्तिहरुको प्रभावका कारण र स्थानीय स्तरमा निश्चित प्रजातिहरुको मात्र उपयोग हुने हुनाले प्राकृतिक रुपले आएका धेरै प्रजातिहरुलाई दिनानुदिन हटाउने काम भैरहेको छ । यसका अलवा अन्य चोरीनिकासी, चरिचरन, प्राकृतिक प्रकोप, वातावरणीय असर, आदिले पनि प्रजाति विविधतामा प्रभाव पारिराखेका छन् । हालै नवलपरासी जिल्लाको शिशवार मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहमा "प्रजाति विविधताको संरक्षण तथा जीविकोपार्जनका लागि समूहको कृयाकलाप बढाउने" भन्ने बारेको एक अध्ययनले पनि सबै वर्गका उपभोक्ताहरुको चाहना नसमेटिएको कारणले प्रजाति विविधतामा ह्रास आएको कुरा पुष्टि गरेको छ ।[२०] यस अध्ययनको क्रममा गाँउ-समाजका विभिन्न वर्ग/तहका उपभोक्ताहरुको विविध चाहना/आवश्यकताहरु घर-घर र टोल-टोलमा गरिएका छलफलमा आएका थिए । उपभोक्ताहरुको हित र वनको अवस्थासँग गाँसिएका सबालहरुको बिश्लेषण गरेर समितिमा र पुनः टोल-टोलमा छुट्टाछुट्टै छलफल गरिंदा उपभोक्ताहरुले एक अर्काका चाहना/आवश्यकताहरुको समेत महसुस गरेका थिए । सोही अनुसार उनीहरुले वन कार्ययोजनामा थप्न तथा संशोधन गर्नुपर्ने विषयहरुको निर्णय गरेका थिए र कतिपय निर्णयहरु तत्कालैबाट लागू गरेका थिए । एक आपसको आवश्यकताको ख्याल गर्दै गरिएका निर्णयले उपभोक्ताहरुको बृहत्तर फाइदाको साथै बिभिन्न प्रजातिहरुको संरक्षण तथा व्यवस्थापनका साथै प्रजाति विविधता कायम गर्न मद्दत पुऱ्याएको छ । यसरी निर्णय प्रक्रियामा सवै उपभोक्ताहरुका चाहना र आवश्यकता समेटिदा प्रजाति विविधताको संरक्षणमा सकारात्मक प्रभाव पर्ने कुरा हुदाँहुदैं किन कतिपय सामुदायिक वनहरुमा प्रजाति विविधताको अवस्था नाजुक छ भन्ने प्रश्न वाञ्छनीय छ । त्यसैले यस लेखमा उपभोक्ता समूहका सदस्यहरुको सामाजिक आर्थिक विभेदले जन्माएका फरक आवश्यकता र रुचिहरु सामुदायिक वन प्रक्रियामा किन समेट्न सकिएन र त्यसको कारणले

प्रजाति विविधतामा के कस्तो असर पारेको छ भन्ने विषयलाई खोतल्ने कार्य गरिएको छ । त्यसैगरी समूहभित्रका पिछडिएका वर्गहरु बिशेष गरेर गरीब, महिला र दलित वर्गका उपभोक्ताहरुका आवश्यकताहरु वन कार्ययोजनामा समावेश हुन नसक्नाका कारणहरुलाई देहायका 'पाँच' बुँदामा विश्लेषण गरिएको छ । यसकासाथै माथि उल्लेखित अध्ययनमा सफल प्रयोग भएको सामाजिक विषमताका कारण उब्जिएका फरक फरक चाहना र आवश्यकतालाई कसरी सँगै लिएर जान सकिन्छ भन्ने कुरालाई चरणवद्ध रुपमा चित्र नं. १ मा देखाइएको छ ।

## २. कारणहरु

### २.१ उपभोक्ताहरु समान छन् भन्ने अनुमान गरिनु

बाहिरबाट आउने अधिकांश संघ संस्था तथा सरकारी कर्मचारीहरुले उपभोक्ताहरु सब गाउँले हुन भन्ने भावना राखी उनीहरुको आवश्यकता, चाहना र प्राथमिकता एकै किसिमका छन् भनेर अनुमान गर्छन् । त्यसको आधारमा गाउँका सीमित व्यक्तिहरु जस्तैः नेता, शिक्षक, धनी, आदिसँग सम्पर्क गरी समूह गठन गर्ने काममा लाग्छन् । जुन व्यक्तिहरु हिजोदेखि नै चिनजान तथा सम्पर्कमा रहेका थिए तिनै व्यक्तिहरुको सरसल्लाह र सहयोगमा केही अन्य गाउँलेहरु जम्मा गरेर सामुदायिक वन गठनको प्रक्रिया थालिन्छ । तर गाउँ समाजको सामाजिक संरचना हेर्ने हो भने त्यहाँ महिला-पुरुष, धनी-गरीब, साना-ठूला, माथिल्ला-तल्ला, मानिएका-हेपिएका, शिक्षित-अशिक्षित, जाली/फटाहा,सोझा/निर्धा, आदि विभिन्नताहरु पाइन्छन् । त्यस्तै किसिमले प्रत्येक घरधुरीलाई पनि फरक फरक खालका चीजहरुको आवश्यकता पर्दछ । वनको दृष्टिकोणवाट हेर्ने हो भने कसैलाई वन जानै पर्दैन, कसैलाई वन नगई निर्वाह चल्दैन, कसैको निजी जग्गामा रुख बिरुवा प्रशस्त छन् त कसैकोमा थोरै छन् भने कसैकोमा छँदै छैनन् । यसरी सामाजिक विविधताले जन्माएका विभिन्न खाले आवश्यकताहरुलाई समाधान गर्ने हो भने सामुदायिक वन व्यवस्थापनमा विविध खाले प्रजातिहरुलाई सँगसँगै विकास गर्नुपर्ने हुन्छ । किनभने एक जना उपभोक्ताको प्राथमिकता काठ हुन सक्छ भने अरुको प्राथमिकता दाउरा, घाँस, सोत्तर, कन्दमूल, जडिबुटी वा अन्य वन पैदावार हुन सक्छन् । ती पैदावारहरु एउटै वा सीमित प्रजातिहरुको सम्मिश्रणले हुन सक्दैनन् । त्यसैले सकेसम्म धेरै आवश्यकताहरुलाई सामुदायिक वनको माध्यमवाट पूरा गर्नुको अर्थ धेरै प्रजातिहरुलाई संरक्षण, सम्वर्धन र विकास गर्नु हो । तर सीमित टाठाबाठाहरु मात्रको आवश्यकतालाई ध्यानमा राखेका सामुदायिक वनका कार्ययोजनाहरुमा काठ उत्पादनलाई केन्द्र विन्दु बनाएर कार्यक्रमहरु तय गरेका कारण सीमित प्रजातिहरुलाई मात्र प्रश्रय दिइने गरेको छ । यसबाट के देखिन्छ भने सम्पूर्ण उपभोक्ताहरुका चाहना समेटिन नसकेको कारण विद्यमान वन कार्ययोजनालाई आधार मानेर कार्यन्वयन गर्दा प्रजाति विविधता घट्ने सम्भावना देखिन्छ ।

### २.२. उपभोक्ताको चाहना नबुझी वन व्यवस्थापनका कुराहरु लेखिनु

गाँउलेले वनको प्रयोग फरक-फरक हिसाबले गर्दै आएका छन् । जस्तैः दाउरा, घाँस, पत्कर, हलोजुवा, काठ, सोत्तर, चरिचरन, फल, पात, माटो आदि । तर उनीहरुको चाहनाहरु नबुझिकन समय र रकमको अभाव देखाउदै २/४ जना व्यक्तिहरुको मात्र चाहना अनुसार वन कार्ययोजना तयार गरेको बुझिन्छ । उनीहरुले सोध्ने गरेका मुख्य कुराहरुमा घरमूलीको नाम, परिवार संख्या, गाईवस्तु संख्या, घाँस/दाउरा ल्याउने वन, आदि हुन् । तर उनीहरुमा उपभोक्ताका प्रमुख सरोकार सम्बन्धी जानकारीहरु के-के हुन् र कसरी लिनु पर्छ भन्ने सम्बन्धमा समेत स्पष्टता नभएको पाइन्छ । यी जानकारीहरु कार्ययोजना बनाउन कहाँ कसरी उपयोगमा आउँछन् भन्ने कुराको संवन्ध देखिँदैन । उनीहरुले उपभोक्ताको आवश्यकतालाई काठ, दाउरा, घाँस मात्र भए

पुग्छ भनी अन्य वन पैदावारहरुलाई बिर्सन्छन् जसलेगर्दा अन्य पैदावारहरु वनवाट लिनु पर्नेहरुको चाहना कार्ययोजनामा समावेश भएको हुँदैन । त्यसले गर्दा सा. व. को क्रियाकलापहरुमा ती उपभोक्ताको सक्रिय सहभागिता नरहेको कुरा उपभोक्ता भेलाको रजिष्टरबाट पनि थाहा हुन्छ । हालसम्मका कार्ययोजनाहरु केलाएर हेर्ने हो भने गरीब तथा निम्नस्तरका उपभोक्ताहरुले चाहना गरेका वन पैदावारको उल्लेख नगरी धनी तथा सम्पन्न वर्गलाई बढी आवश्यक पर्ने पैदावारलाई महत्व दिएर लेखिएको पाइएको छ । जस्तैः धादिङ्ग जिल्लाको पहिरे सा. व. उपभोक्ता समूहमा निम्न स्तरका उपभोक्ताहरुको आवश्यकताको कुरा वन व्यवस्थापनमा नसमेटिदा सा. व. बनेपछि उपभोक्ताहरुलाई झनै अप्ठ्यारो परेको कुरा एक अध्ययनले देखाएको छ ।[२१] वनबाट नियमित रुपमा सिमी/बोडीको लागि थाँक्रा ल्याउने गरेका उपभोक्ताहरु सामुदायिक वन बनेपछि यसको व्यवस्थापनमा आएको फेरवदलवाट थाँक्रा लिनबाट वञ्चित भएका छन् । त्यसले गर्दा झिक्राको रुपमा प्रयोग गर्न सकिने झाडिदार बिरुवाहरुलाई अनावश्यक प्रजातिको रुपमा हटाँउदा प्रजातिको बिबिधतामा ह्रास आउने संभावनाहरु धेरै रहन्छन् ?

### २.३. कर्मचारीहरुमा प्रजाति विविधता सम्बन्धी कम जानकारी हुनु

नेपालको परिवर्तित वन नीति सँगसँगै फिल्ड कर्मचारी (रेन्जर, वनरक्षक) को भूमिका पनि नियन्त्रक/संरक्षकवाट सामुदायिक वन कार्यक्रमको सहजकर्ताको रुपमा परिवर्तन भएको छ । नीतिगत परिवर्तन अनुसार संरक्षकवाट सहजकर्ताको भूमिका निभाउन उसलाई परिवर्तित भूमिका अनुसारको ज्ञान तथा सीपको अभावले कठिनाई परिरहेको छ । वन उपभोक्ता समूहहरुलाई फिल्डमा सहयोग गर्ने मुख्य कर्मचारी वनरक्षक हुन् तर उनीहरुले वन विज्ञानको सैद्धान्तिक ज्ञान पढेका हुँदैनन् । रेन्जरले प्रमाणपत्र तह अध्ययन गरेको भएता पनि प्रजाति विविधता र यसको महत्वका कतिपय कुराहरुमा उसलाई पनि कम जानकारी भएको पाइएको छ । सा.व. व्यवस्थापन सम्बन्धी दिनानुदिन सिकाई थपिदै छन् जस्तैः सा. व. मा पाइने विभिन्न जडिबुटीको संरक्षण र व्यवस्थापन गरेर समूहको आम्दानी बढाउन सकिने, प्रजाति विविधता कायम गरेमा वनस्पतिमा लाग्ने रोगबाट नोक्सानी कम गराउन सकिने, आदि । तर उनीहरुलाई कसरी जैविक विविधताबाट फाइदा लिने भन्ने कुरा थाहा छैन । वनको श्रोत आकलन तथा नापजाँचबाट पत्तालगाइएका विभिन्न प्रजातिहरु के-के छन् ?, कुन-कुन प्रजातिहरु के-के मा प्रयोग हुन्छन ? वनमा यी प्रजातिको स्थिति के छ ? र उपभोक्ताहरुका चाहना के-के छन् ?, यी प्रजातिहरु बजारमा बिक्री हुन्छन् कि हुँदैनन ?, बिक्री भएमा कति मूल्य पाइन्छ ? र महत्वपूर्ण प्रजातिहरुलाई कसरी वढवा दिन सकिन्छ ?, आदि कुराहरुको बारेमा ज्ञान नहुँदा अधिकांश सा.व. कार्ययोजनाहरु अत्यन्तै सतही र फितला भएका पाइन्छन् । किनकि उपभोक्ताहरुका चाहनाहरुलाई छलफल गरी कार्ययोजनामा समेटेर लैजान विभिन्न ज्ञान तथा सिपहरुको आवश्यकता पर्दछ । त्यसको लागि लगातार रुपमा आवश्यक पर्ने ज्ञान र सिपहरु सिक्दै जाने परिपाटी हुनु पर्छ जुन स्थलगत वन कर्मचारीमा छैन ।

### २.४. उपभोक्ताहरुमा प्रजाति विविधताको महत्वको ज्ञान नहुनु

परम्परागत तवरवाट के कस्ता प्रजातिहरु के कस्तो घरेलु उपयोगमा ल्याइएको थियो सो को मात्र उपभोक्ताहरुले थाहा पाएका हुन्छन् । उनीहरुलाई गाँउले जीवनमा कुन-कुन प्रजातिको महत्व छ भन्ने बाहेक बजारमा कुन प्रजातिको माग के कति छ भन्ने थाहा हुँदैन । त्यसले गर्दा कतिपय मूल्यवान् प्रजातिहरु लहरा, घाँस, दाउरा, काठ आदिको रुपमा प्रयोग हुँदै आइरहेका छन् साथै ती वनस्पतिहरुको संरक्षण नभइ दिनानुदिन घट्दै आइरहेका छन् भने कतै गरीबीको कारण गाँउलेले उमेर नपुगेका जडिबुटी तथा बिभिन्न प्रजातिको फल संकलन गर्नाले प्रजाति विविधतामा ह्रास हुन

सक्ने खतरा बढेको छ । उपभोक्ताहरुलाई यस विषयमा जानकारी गराउने कार्यक्रमहरु कम छन् वा त्यस्तो कार्यक्रम समूहहरुमा लिएर जाने सघं संस्थाहरु पनि कमै छन् । यस्ता कुराहरुमा ध्यान पुऱ्याएर वन कार्ययोजनामा समावेश गरिएको पनि पाइँदैन, जसको फलस्वरुप जैविक विविधता घट्दैछ ।

**२.५. उपभोक्ताहरुको व्यवस्थापन पद्धतिले प्रजाति विविधतालाई महत्व नदिनु**

स्थानीय उपभोक्ताले अपनाएका व्यवस्थापन पद्धतिले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रजाति विविधतालाई महत्वपूर्ण असर पारेको हुन्छ । यी माथिका कारणहरुले गर्दा पनि उपभोक्ताहरुको वन व्यवस्थापनमा प्रजाति विविधतालाई ध्यान दिने नगरिएको स्पष्ट हुन्छ । जस्तैः शिशवार सा. वन का उपभोक्ताले खर काट्दा सबै जडिबुटी (जस्तैः पिप्ला, कुरिलो, गुर्जो आदि) पनि मेसैसँग काट्ने पद्धतिले गर्दा ती जडिवुटीवाट फाइदा लिनुको सट्टा प्रजातिहरु नै लोप भएर जालान् भन्ने डर भएको त्यहाँका उपभोक्ताहरु बताउँछन् । किनभने उनीहरुलाई कुन प्रजाति कहिले परिपक्व हुन्छ वा कुन भागको प्रयोग गरिन्छ, कहाँ बिक्री हुन्छ, त्यस्ता प्रजातिलाई कसरी बढाउँन सकिन्छ आदि कुराको ज्ञान नहुनाले नै यस्तो भएको हो । भीरपानी सा. व. म्याग्दीमा आएका ऐंसेलु, अंगेरी, चुत्रो, आदिलाई वन व्यवस्थापन (छटनी-कटनी) कार्य गर्दा काम नलाग्ने प्रजाति हो भनेर हटाउने गरिएको छ जसले गर्दा औषधी, भिक्रा तथा फल प्राप्त गर्न सकिने प्रजातिहरु कम हुदै गइरहेका छन् । त्यस्तै जमले चिसापानीमा काँडे, भिंगाने, वनमारा, आदि हटाउने गरेको पाइन्छ जुन काम नरोकिएको खण्डमा कृषि औजारका बिड, बाखाको घाँस र कम्पोष्ट मल बनाउन नपाइँने हुन्छ किनकि ती प्रजातिहरु क्रमश सकिदै गएका छन् । जसले गर्दा ती वन पैदावारको परिमाण कम हुनुका साथै प्रजाति विविधतामा पनि ह्रास आउने कुरा निश्चित छ । वनमारालाई धेरै सा. व. उपभोक्ता समूहहरुले काम नलाग्ने झारको रुपमा हेरेको पाइन्छ र समितिको निर्देशनमा धेरै समूहले उखेलेर हटाउने गरेको देखिन्छ । जवकि वनमाराको पनि राम्रो सदुपयोग गरेर फाइदा लिन सकिन्छ भन्ने कुरा एक अध्ययनमा उल्लेख गरिएको छ ।[२२] (जस अनुसार रासायनिक मल नाइट्रोजन, फोस्फोरस र पोटासको अनुपात ६०:३०:३० केजी / प्रति हेक्टर बराबरको मल वनमारावाट पनि पाउन सकिन्छ ।) पर्वत जिल्लाको खोटेगैह्रो साततल्ले सा.व. मा “वन उपभोक्ता समूहको वन व्यवस्थापन परियोजना”[१] ले काम गर्नु भन्दा अगाडि त्यस समूहको समितिले वनको काटँछाँट गर्दा धेरै रुख काटिने वा नराम्रो तरिकाले काटिएको भनिने आरोप वन प्राविधिकले लगाउलान् कि भनेर काँटछाँट तर्फ ध्यान दिइएको थिएन । साथसाथै गाँउका विरोधीले मुद्दा हाल्लान् भन्ने हिसाबबाट डराएर वन व्यवस्थापनको नाममा संरक्षण मात्र गर्दै आएका थिए । फलस्वरुप उपभोक्ताहरुले वन पैदावार पनि नपाएका र वनभित्र पुनरुत्पादन पनि राम्रोसँग नआएको साथै उम्रिहालेका बिरुवाहरु पनि कमै हुर्किएको अनुभव गरेका थिए । जस्ले गर्दा ढाले कटुस र कवै (डोला बनाउने रुख) जस्ता महत्वपूर्ण प्रजातिहरु लोप भएर जालान् कि भन्ने उपभोक्तामा आशंका जन्मिएको थियो । यसरी निष्कृय वन व्यवस्थापनको कारण एउटा वा सीमित प्रजाति मात्र फष्टाउने र अन्य महत्वपूर्ण प्रजातिहरु लोप भई प्रजाति विविधतामा ह्रास आउने सम्भावना रहन्छ ।

[१] वन उपभेक्ता समूहको वन व्यवस्थापन परियोजना २०५४ सालमा शुरुभएको थियो ।

*चित्र १  बिभिन्न आबश्यकताहरु बुझ्ने तथा सहमतिमा पुग्न सकिने बिधि*




*स्रोतः न्यौपाने र ओझा २००२*

## ३. निष्कर्ष र सुझाव

कृषि प्रणालीलाई दिगो बनाईराख्न प्रजाति विविधताले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसमा एउटा मात्र प्रजाति लोप भएको खण्डमा पनि वातावरणमा नकारात्मक असर परी उक्त प्रणालीमा भयावह स्थितिको सृजना हुनसक्छ । यस्तो हुन नदिन सा. व. व्यवस्थापनवाट लोप हुन लागेका प्रजातिको संरक्षण गर्न सकिने कुराको सुझाव एक अध्ययनबाट भएको छ ।[२३] एकातर्फ माथि उल्लेखित कारक तत्वहरुलाई कम गर्नको निमित्त समूह गठन प्रक्रियामा पनि सुधार गर्नु पर्ने देखिन्छ भने अर्को तर्फ सहजकर्ताहरुलाई पनि थप ज्ञान तथा सिप विकास गराउने खालका तालिमहरुको आवश्यकता पर्दछ । जस अनुसार सबै उपभोक्ताहरुको चाहनालाई वन कार्ययोजनामा समेट्दै र सोही अनुसार वन व्यवस्थापन गर्दै गएमा प्रजाति विविधताको संरक्षण तथा प्रर्वधन गर्न सकिन्छ । समूह गठन तथा संशोधनको दुवै प्रक्रियामा उपभोक्ता घरधुरीका चाहनाहरु के के छन् भन्ने कुरा बुझ्न र बुझाउन घर-घरमा र टोल-टोलमा छलफल चलाउनु बढी महत्वपूर्ण हुन्छ । सबै खालका उपभोक्ताहरुको आवश्यकता पुरा गर्ने काममा काठ उत्पादन लगायत दाउरा, झिक्रा, हलो, लिङ्गा, भाटा, पत्तकर, घाँस, जडिवुटी आदिको उत्पादन गर्ने पद्धतिको खाँचो पर्न जान्छ यी विभिन्न पैदावारहरु प्राप्त गर्न एउटा प्रजातिबाट मात्र संभव हुदैन । त्यसैले विभिन्न वन पैदावार प्राप्त गर्न धेरै प्रजातिहरुको संरक्षण र व्यवस्थापन गर्न अति आवश्यक हुन्छ । नवलपरासी जिल्लाको शिशवार मध्यवर्ति सा. व. उपभोक्ता समूहमा गरिएको कार्यगत अध्ययनबाट एउटा उपयोगि विधिको विकास गरिएको छ (माथिको चित्रमा हेर्नुहोस्) जुन सा. व. हस्तान्तरण भैसकेको तथा नभएको अवस्थामा उपभोक्ताहरुका आवश्यकताहरु बुझ्न र उपभोक्ताहरुको बीचमा सहमति कायम गर्न उपयोगी हुने विश्वास गरिएको छ । उपभोक्ताहरुका विभिन्न आवश्यकतालाई पुरा गर्न धेरै भन्दा धेरै प्रजातिहरुलाई समेट्नु पर्दछ जसले गर्दा प्रजाति विविधता पनि कायम राख्न मद्दत पुग्छ । यसबारेमा जनचेतना जगाउन जिल्ला वन कार्यालय, वन उपभोक्ता महासंघ तथा गैह्र सरकारी संस्थाहरुले महत्वपूर्ण भूमिका खेल्न सक्दछन् ।

(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)